CHINTAN-DHARA: A Multidisciplinary Peer-ReviewedJournal
VOL-18, pp 87-109, May, 2025
ISSN: 2091-2714
DOI: https://doi.org/10.3126/cd.v18i01.89665
Tribhuvan University Teachers' Association
Campus Unit Committee, Dhankuta Multiple Campus, Dhankuta, Nepal.

धनकुटा जिल्लाका मातृभाषाको भौगोलिक तथा सामाजिक स्थिति

डा.गणेशराज अधिकारी , वासुदेव ढुङ्गेल , टिकाराम लिङ्खा , शक्तिराज नेपाल
Corresponding mail: shakti.nepal@mahmc.tu.edu.np

सार

प्रस्तुत लेख धनकुटा जिल्लाका मातृभाषाको भौगोलिक, सामाजिक तथा भाषिक स्थितिको अध्ययन गर्ने विषयमा केन्द्रित छ । उक्त जिल्लाका सातवटा पालिकाको भौगोलिक स्थितिका साथमा मातृभाषाका स्थितिको निरूपण गर्ने प्रस्तुत लेखको उद्देश्य रहेको छ । व्याख्यात्मक अध्ययन (Descriptive study) र सूचना विश्लेषण (Content analysis) को मिश्रित ढाँचालाई अपनाइएको प्रस्तुत लेखमा मुख्यतः द्वितीयक स्रोतका तथ्याङ्क र परिपूरकका रूपमा प्राथमिक तथ्याङ्कको समेत उपयोग गरिएको छ । जसमा सातवटा पालिकाको भौगोलिक अवस्थितिमध्ये अक्षांश, देशान्तर, क्षेत्रफल र जनसङ्ख्यालाई अध्ययनको आधार बनाइएको छ भने मातृभाषाको सामाजिक वितरणको आधारमा प्रधान मातृभाषा, समतुल्य मातृभाषा, भाषापरिवार, भाषाका लैङ्गिक वक्तालाई विश्लेषणको आधार बनाइएको छ । द्वितीयक स्रोतका सामग्रीको अध्ययनपश्चात् पालिकाको वर्णानुक्रमका अनुसार मातृभाषाहरूको सूची निर्माण गरी भाषापरिवार र वक्ताको सङ्ख्याका आधारमा मातृभाषाको अवस्थिति निरूपण गरिएको छ । अध्ययनअनुसार तीनवटा पालिकामा सङ्केत भाषाको प्रयोग गरिएको पाइएको छ भने आफ्नो मातृभाषा नखुलाएका वक्ताहरू सातवटै पालिकामा रहेका छन् । यसरी हरेक पालिकामा वक्ताको सङ्ख्याका आधारमा हेर्दा नेपाली भाषा प्रधान भाषा र पालिकापिच्छे कतै याक्थुङ् लिम्बु, कतै राई वान्तवा, कतै मगर धुत मातृभाषाहरू समतुल्य भाषाका रूपमा प्रयोग हुने देखिन्छन् । यसरी हरेक पालिकामा रहेका मातृभाषाको सामाजिक, भाषिक अवस्थितिबाट भाषासम्बन्धी राष्ट्रिय नीतिको निर्माण गर्न तथा स्थानीय पालिकामा भाषाहरूको स्थान निरूपण गर्नका साथै मातृभाषाको नीति कार्यक्रम तयार गर्नका लागि सम्बद्ध सरोकारवालालाई प्रस्तुत लेखको उपयोगिता रहन्छ ।

---

[9] लेखक नेपाली शिक्षा विषयमा महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय, नेपालमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

[10]लेखक नेपाली शिक्षा विषयमा पुष्पलाल मेमोरियल कलेज, काठमाडौँ, नेपालमा शिक्षण सहायक पदमा कार्यरत हुनुहुन्छ ।

[11]उपप्राध्यापक, भूगोलविषयमा, पाटन संयुक्त क्याम्पस, पाटन, त्रिभुवन विश्वविद्यालय, नेपालमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

[12]लेखक नेपाली शिक्षा विषयमा महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय, नेपालमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

सूचक शब्द : प्रधान भाषा, मातृभाषा, सङ्घीयता,समतुल्य भाषा, स्थानीय निकाय ।

परिचय

नवउदारवादको प्रभुत्वले विश्वराजनीति, विश्वभाषा, विश्वव्यापार, विश्वचेतना, विश्वविकास जस्ता पक्षमा हस्तक्षेप गरिरहेको छ । उक्त प्रभुत्वका कारण विश्वका हरेक क्षेत्रमा प्रभाव परिरहेको छ । यसले कतै भाषाका रूपमा त कतै व्यापार र राजनीतिका रूपमा हस्तक्षेप गरिरहेको छ । विशेषगरी नवउदारवादले भाषाका माध्यमबाट विश्वभरि हस्तक्षेप गरिहेको कुरालाई सबैले स्विकारेको पाइन्छ (ब्लक र अन्य, सन् २०१२ तथा पार्क, सन् २०१०)। यसले संसारको सबैभन्दा शक्तिशाली विषयका रूपमा भाषालाई प्रस्तुत गरेको छ । हजारौँ वर्षसम्म मानिसले बोलेर मात्र काम चलाए तापनि कालान्तरमा लिपिको विकास भयो र भाषाले लेख्य रूप प्राप्त गर्यो । लिपिको विकासपछि रैथाने भाषाहरूले रेखाकृतिमा भावहरू सञ्चय गर्न थालेको देखिन्छ (वस्ती, २०६९) ।

रैथाने जातिको भाषाले स्थानीय निकायमा ठुलो प्रभाव पार्दछ । यस सन्दर्भमा शर्मा र फ्याक (सन् २०१७) ले भाषा र समाजलाई उद्यमशीलतासँग जोड्दै परम्परागत भूमिकाबाट भाषालाई मुक्त गरिनुपर्ने चर्चा गरेका छन् । साथै राष्ट्रिय भाषा तथा भाषा शिक्षणसम्बन्धी नीति निर्माण गर्दा त्यहाँ नवउदारवादले मुख्य भूमिका खेल्न थाल्दछ (फ्याक र शर्मा, सन् २०२०, पृ.४) । नवउदारवादी भाषिक उद्यमशीलताका विचारहरूले कसरी समाजको बहुभाषिकता र बहुभाषिक शिक्षाको प्रवर्धनमा रैथाने समुदायमा नैतिक तनाव र दबाब सिर्जना गर्दछ भन्ने पक्ष अध्ययनीय छ । सरकारी, कानुनी, प्रशासनिक तथा सम्पर्क भाषाका रूपमा भाषाको सामाजिक, शैक्षिक र राष्ट्रिय स्थितिलाई पनि अध्ययन गर्नैपर्दछ । साथै भाषिक वक्ताले कुन भाषालाई आफ्नो दैनिकीको प्रधान भाषा बनाएका छन् । उनीहरूको प्रधान भाषा, आफ्नै निजी भाषा र शिक्षण माध्यमको भाषाका बिचमा गम्भीर मुद्दा बन्दछ भन्ने कुरा पनि स्थानीय निकायमा रहेको भाषिक चुनौतीसँग सम्बन्धित छ ।

वि.सं.२००९/११ को जनगणनामा नेपालमा भाषाको सङ्ख्या ४४ रहेको थियो भने वि.सं. २०१८ को जनगणनामा ३६ रहेको देखाइएको छ । त्यसैगरी वि.सं.२०२८ को जनगणनामा १७ वटा भाषालाई उल्लेख गरिएको छ भने वि.सं.२०३८ अनुसार १८ वटा रहेको देखाइएको छ । साथै वि.सं.२०४८ अनुसार ३२ वटा भाषाको उल्लेख गरिएको देखिन्छ भने २०५८ अनुसार ९२ वटा भाषाको बोलिने सन्दर्भ उल्लेख गरिएको छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणनामा १२३ वटा भाषालाई उल्लेख गरिएको छ भने वि.सं. २०७८ को जनगणनामा १२४ भाषाको तथ्याङ्क सार्वजनिक भएको छ (राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८)।

नेपालमा बोलिने सबै भाषा नेपालका मातृभाषा हुन् । सर्वप्रथम भाषा सिकाइको वातावरण पाएर सिकेको भाषा नै प्रथम भाषा हो र उक्त प्रथम भाषालाई मातृभाषा भनिन्छ (पौडेल, २०६७) । नेपालका राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी भाषालाई नेपालको संविधान २०७२ को भाग १ को धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन भनी उल्लेख गरिएको छ । साथै धारा ३१ को उपधारा (५), धारा ३२को उपधारा (१), धारा ३२ को उपधारा (३) र भाग ७ अनुसार सरकारले भाषा र लिपिको जगेर्ना तथा विकास गर्नुपर्ने र मातृभाषामा शिक्षा दिनुपर्ने तथा बहुभाषिक शिक्षाको व्यवस्था

गर्नुपर्ने उल्लेख गरेको छ । यसैगरी प्रस्तावना र धारा ३ मा नेपाललाई बहुभाषिक राष्ट्र भनिएको छ । धारा ३ मा बहुभाषिक राष्ट्र/बहुभाषिक जीवनपद्धति भनिएको छ। धारा ५१ (ग) को (७) मा बहुभाषिक नीतिको उल्लेख गरिएको छ भने धारा ७ मा देवनागरी लिपिमा लेखिने नेपालको सरकारी कामकाजको भाषा हुने भनिएको छ। प्रदेश सरकारले बहुसङ्ख्यकले बोल्ने भाषालाई एक वा एकभन्दा बढी भाषालाई प्रदेश सरकारले कामकाजको भाषा निर्धारण गर्न सक्ने छ भनी उल्लेख गरिएको छ।

नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम स्थानीय निकायले वा गाउँ सभा र नगर सभाले अनुसूची ८ र ९ बमोजिम सूचीमा भएको २२ अधिकारका सम्बन्धमा कानुन बनाउन पाउने व्यवस्था गरेको छ।

वर्तमान समय भनेको विश्वव्यापीकरणका कारण सांस्कृतिक, भाषिक तथा जातीय विविधतामा तीव्रत्तर रूपले वृद्धि भइरहेको समय हो । यसका कारण हरेक क्षेत्र एकअर्कामा मिसिएर मिश्रित क्षेत्र बनिरहेको छ । भाषामा भाषा मिसिएर बहुभाषिक अवस्था बनिरहेको छ । संस्कृतिमा संस्कृति मिसिएर बहुसंस्कृति बनिरहेको छ। समाजका पहिचानहरू पनि बहुल पहिचानमा बदलिएका छन्।

नेपाली समाज नै बहुभाषिक सुन्दरताले बनेको छ । अझ विश्वव्यापीकरणको प्रभावस्वरूप वर्तमान समाज बहुपहिचानमा सशक्त बन्न थालेपछि विद्यालयका कक्षा पनि बहुभाषिक विद्यार्थीको सिकाइ केन्द्र बन्न थाले । बहुभाषिक कक्षा हुनेबित्तिकै त्यहाँको शैक्षिक पद्धति नै बहुभाषिक प्रकृतिको बन्दछ । कुनै विद्यार्थीले प्रयोग गरिरहेको भाषा वा कहिल्यै प्रयोग नगरेको भाषा नै कक्षाकोठाको भाषा बन्दछ (अधिकारी, सन् २०१६) । उक्त अवस्थामा विद्यार्थी तथा शिक्षकलाई समेत बहुभाषिकताको आवश्यकता पर्दछ। बहुभाषिक विद्यार्थीका लागि भाषाका कारणले हतोत्साहित गर्नु हुँदैन। विद्वानहरूका मतमा पनि बालकले घरमा सिकेको भाषा र विद्यालयको भाषा फरक भएमा एक भाषाले अर्को भाषालाई निषेध गर्ने होइन सहयोग गर्नुपर्छ । एकभन्दा बढी भाषा जान्ने विद्यार्थीहरू अलि बढी क्षमतावान् हुन्छन्। यस सन्दर्भमा वार्डफ (सन् २०१५) ले चर्चा गरेका छन् :

> द्विभाषी वा बहुभाषिक व्यक्तिहरूसँग भाषाहरूमा ठ्याक्कै उस्तै क्षमताहरू हुनु आवश्यक छैन। आफ्नो भाषिक भण्डारमा रहेका सबै भाषाहरूको सन्तुलित मातृभाषी जस्तै कमान्ड गर्ने तथा बहुलता समावेश गर्ने बहुभाषिकता सामान्य रूपमा असामान्य छ, बहुभाषिकहरूसँग विभिन्न भाषिक भण्डारहरूको कमान्डको फरक फरक डिग्री हुन्छ । केही शब्द चयन, व्याकरण, साहित्य लेखन आदिमा फरकपन हुनसक्छ, तर सबै कुरामा समान दक्षता नभए पनि द्विभाषिक वा बहुभाषिक क्षमताको व्यक्तिलाई भाषिक तथा सञ्चार र सूचनाका दृष्टिले पनि सिपयुक्त र दक्ष तथा जुनसुकै भाषामा पनि उसका भाषिक व्यवहार सम्पन्न हुन सक्दछन् (पृ.११) ।

तसर्थ एउटा भाषामा निर्मित धारणा मेटिनेगरी अर्को भाषा सिकाइनु हुँदैन। यस सन्दर्भलाई अधिकारी (सन् २०१६)ले फेरि थपेका छन् "बालकले सिकेको भाषामा हस्तक्षेप नगरी त्यससँग अर्को शब्द वा भाषा जोड्नुपर्दछ । बालकको भाषालाई निषेध गरेमा बालकमा अन्यौल पैदा हुन सक्छ । यसरी किताबबाट

बुक सिकाउनु, कलमबाट पेन सिकाउनु सहज सिकाइ हो"। बालकले सिकेको कुरालाई अर्को भाषाले विस्थापन गर्नुहुँदैन । त्यसो गरिनु भनेको सिकाइलाई असहज बनाउनु हो ।

धनकुटा जिल्लाले नेपालको पहाडदेखि तराई (लेकदेखि बँसी) सम्म जोड्ने भएकाले यहाँको भूगोलमा पनि विविधता देखिन्छ । उक्त विविधताका बिचमा यहाँका मातृभाषाको स्थितिमा पनि विविधता पाइन्छ । नेपाल सरकारले २०७८ सालमा सञ्चालन गरेको १२ औँ जनगणनामानेपालमा १२४वटा मातृभाषा बोलिने जनाएको छ । त्यस सन्दर्भमा प्राज्ञिक उद्देश्य राखेर धनकुटा जिल्लाका पालिकाहरूको भौगोलिक अवस्थिति तथा त्यहाँ बोलिने मातृभाषाहरूको अध्ययन गरिएको नपाइएकाले उक्त रिक्तता पूरा गर्नका लागि यस लेखलाई तयार पारिएको हो ।

अध्ययनको समस्या

प्रस्तुत लेखका अध्ययनीय समस्यालाई यसप्रकार उल्लेख गरिएको छ :

(क) धनकुटा जिल्लाका हरेक पालिकाहरूको भौगोलिक अवस्थिति कस्तो छ ?

(ख) धनकुटा जिल्लाका हरेक पालिकाहरूमा बोलिने मातृभाषाको स्थिति, तिनको सामाजिक भूमिका के कस्तो रहेको छ ?

अध्ययनको उद्देश्य

प्रस्तुत लेखका अध्ययनीय उद्देश्यलाई यसप्रकार उल्लेख गरिएको छ :

(क) धनकुटा जिल्लाका हरेक पालिकाहरूको भौगोलिक अवस्थिति पहिचान गर्नु,

(ख) धनकुटा जिल्लाका हरेक पालिकाहरूमा बोलिने मातृभाषाको स्थिति, तिनको सामाजिक भूमिकाको विश्लेषण गर्नु,

अध्ययनको औचित्य

प्रस्तुत लेखले कोसी प्रदेश तथा सङ्घीय प्रशासनमा नै मातृभाषाका आधारमा धनकुटा जिल्लाको स्थान निरूपण गर्न मदत गर्नुका साथै जिल्लाको भौगोलिकता र पालिकागत रूपमा मातृभाषाको वितरित अवस्थाको अध्ययन गर्न, पालिकाका विद्यालय, सामाजिक, सांस्कृतिक अवस्थाको योजना निर्माण, कार्यक्रम तय, नगरपालिकाको वार्षिक तथा दिगो कार्यक्रम निर्माण र योजनामा पनि सहयोग गर्न यस लेखको औचित्य रहेको छ । विद्यालयका कक्षाकोठाभित्र पनि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने शिक्षकलाई बहुभाषिक स्थितिलाई सम्बोधन गर्न तथा सहज सिकाइको अपेक्षा गर्ने विद्यार्थीलाई पनि सहयोग पुग्दछ । भाषा तथा भाषाशिक्षणका विषयमा अध्यापन, अनुसन्धानगर्ने तथा अध्ययन गर्ने जोकोहीलाई नेपाली समाजको प्रतिबिम्बन पर्ने मातृभाषाको स्थितिको अद्यावधिक अवस्थालाई सम्बोधन गर्नका लागि मदत पुग्ने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

पूर्वकार्यको पुनरावलोकन

प्रस्तुत लेखको निर्माण प्रक्रियामा नीतिगत रूपमा नेपालमा निर्माण गरिएका संविधान, भाषा नीति, भाषा योजना, उच्च शिक्षा नीति, शिक्षा ऐन, नियमावली, पाठ्यक्रम विकास केन्द्रका नीति तथा

कार्यक्रम र स्थानीय निकाय सञ्चालन निर्देशिका आदिको थिमेटिक, सैद्धान्तिक तथा नीतिगत समीक्षा गरिएको छ ।

सैद्धान्तिक एवम् नीतिगत समीक्षा

नेपालमा सर्वप्रथम २०४७ सालको संविधानले बहुभाषिक शिक्षाको कुरा उठान गरेपछि मातृभाषाको महत्त्वमाथि बहस हुन थाल्यो । त्यसमा प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिन सकिने, व्यवस्था गरेपछि २०५० सालबाट विषयगत रूपमा मातृभाषाको पठनपाठन प्रारम्भ भएको पाइन्छ । २०५७ सालको शिक्षा ऐनमा संशोधन भएर मातृभाषाको माध्यमबाट शिक्षा दिन सकिने प्रावधान भएपछि बहुभाषिक शिक्षा दिन सकिने प्रावधान बनाइयो । यसै क्रममा २०६४-२०६६ सम्म फिनल्यान्ड सरकारको सहयोगमा सातवटा विद्यालयमा आठवटा भाषामा बहुभाषिक कक्षा परीक्षणका रूपमा सञ्चालन गरेको पाइन्छ । हाल नेपालमा पाँच भाषा परिवार रहेका छन् भने २५ वटा भाषामा पाठ्यपुस्तक र १५ वटा भाषामा सन्दर्भसामग्री तयार भई विभिन्न विद्यालयमा पठनपाठन भइरहेको छ (पाठ्यक्रम विकास केन्द,२०७४) । नेपालमा पाठ्यक्रम प्रारूप २०६३ ले स्थानीय मातृभाषामा पाठ्यक्रम लागु गर्न जोड दिइएको र २०७२ सालको संविधानमा पनि मातृभाषामा आधारित बहुभाषिक शिक्षामा जोड दिइएको छ भने २०७२ सालको बहुभाषिकता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका जारी गरेको छ । त्यसैगरी २०७४ ले स्थानीय सरकार सञ्चालन ऐन-२०२८, शिक्षा ऐन -२०२८, शिक्षा नियामावली-२०४९ मा पनि बहुभाषिकता र कक्षाकोठा व्यवस्थापन सम्बन्धमा नीतिनियम बनाएर उल्लेख गरिएको पाइन्छ ।

बहुभाषिकता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६) अनुसार “बहुभाषिक विद्यालय” भन्नाले विद्यालय सेवा क्षेत्रभित्र दुइभन्दा बढी भाषिक समुदायका बालबालिका रहेको र विद्यालयमा दुई भन्दा बढी भाषा प्रयोग हुने अवस्थाका विद्यालयलाई जनाउँछ । “बहुभाषिक शिक्षा” ले स्थानीय मातृभाषासमेत एक वा एकभन्दा बढी भाषाका माध्यमका दिइने शिक्षालाई जनाउँदछ ।

बडु र जोशी (२०७८) ले नेपालको संविधान-२०७२ को धारा ३१ को उपधारा ५, धारा ३२को उपधारा १, धारा ३२ को उपधारा ३ र भाग ग ७ अनुसार सरकारले भाषा र लिपिको जगेर्ना तथा विकास गर्नुपर्दछ र मातृभाषामा शिक्षा दिनुपर्दछ तथा बहुभाषिक शिक्षाको व्यवस्था गर्नु पर्दछ भन्ने उल्लेख गरेका छन् । यसैगरी प्रस्तावना र धारा ३ मा नेपाललाई बहुभाषिक राष्ट्र भनिएको छ । धारा ३ मा बहुभाषिक राष्ट्र/बहुभाषिक जीवनपद्धति भनिएको छ । धारा ५१ (ग को ७ मा) बहुभाषिक नीतिलाई उल्लेख गरिएको पाइन्छ ।राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी भाषा राष्ट्रभाषा नेपालको संविधान २०७२ को भाग १ को धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन भनी उल्लेख गरिएको छ भने धारा ७ मा देवनागरी लिपिमा लेखिने नेपालको सरकारी कामकाजको भाषा हुने छ । प्रदेश सरकारले बहुसङ्ख्यकले बोल्ने, भाषालाई एक वा एक भन्दा बढी भाषालाई प्रदेश सरकारले कामकाजको भाषा निर्धारण गर्न सक्ने बताइएको छ ।

स्थानीय भाषासम्बन्धी व्यवस्थाको समीक्षा

नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम स्थानीय निकायले वा गाउँ सभा र नगर सभाले अनुसूची ८ र ९ बमोजिम सूचीमा भएको २२ अधिकारमध्ये भाषा, संस्कृति र ललितकलाको

संरक्षण र विकास गर्ने अधिकार उल्लेख गरिएको छ । उक्त व्यवस्थामा स्थानीय स्तरमा बहुसङ्ख्यक वक्ताले बोल्ने भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने अधिकार उल्लेख गरिएको छ ।

थिमेटिक समीक्षा

के.सी. (२०२२) ले तल्ला तहका विद्यालयका कक्षाकोठामा बहुभाषिक विद्यार्थीलाई शिक्षण गर्न विभिन्न तरिका प्रयोग गरी कक्षाकोठा सजावट गर्नुपर्ने र शिक्षक विद्यार्थीका लागि आमाबुबा बन्नुपर्ने भाषाशिक्षणको तस्बिर, शिक्षक विद्यार्थी तस्बिर, शिक्षण क्रियाकलापको तस्बिर प्रस्तुत गरिएको पाइन्छ भन्दै कक्षाकोठा व्यवस्थापनमा बहुभाषिकताले प्रभाव पार्ने कुराको अध्ययन गरेका छन् । नेपालमा तल्ला कक्षामा शिक्षण गर्ने सबै विद्यालयको शिक्षा नीति समान छैन र नीति बनाएपछि सरकारले व्यवस्थित गर्न नसक्दा, शिक्षक शिक्षण अभ्यास गराउन बहुभाषिक कक्षाकोठामा व्यवस्थापन गर्न यस अध्ययनका लागि केसीले चर्चा गरेका छन् ।

विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय भाषाको चर्चा गर्दै युनेस्को (सन् १९५३) ले पनि *शिक्षामा स्थानीय वा भर्नाकुलर भाषाको प्रयोग* नामक शीर्षकमा विद्यालय शिक्षामा बालकको घरायसी भाषालाई प्रयोग गर्ने कुरामा जोड दिएको छ । युनेस्कोका उक्त मान्यतालाई बेकर (सन् २००१) ले यस प्रकार प्रस्तुत गरेका छन् (पृ.२६९-२७१) :

> एउटा बालकलाई शिक्षण गर्ने उपयुक्त माध्यम भनेको उसको मातृभाषा हो । मनोवैज्ञानिक रूपमा पनि बालकले आफ्नो भाषामा अभिव्यक्त गर्न पायो भने उसको सिकाइ पनि राम्रो हुने बुझिन्छ । समाजशास्त्रीय रूपमा भन्दा बालकको मातृभाषामा शिक्षण गरिनु भनेको उसको पहिचानलाई प्राथमिकतामा राख्नु हो, उक्त सम्बोधनले उसको समुदायमा आत्मसम्मान उच्च बनाइदिन्छ । त्यसैगरी शैक्षिक रूपमा भन्नुपर्दा आफ्नो मातृभाषाभन्दा अन्य भाषामा शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्दा बालकले सहज, स्वाभाविक र छिटो रूपमा सिक्न सक्दैन । तर, बहुभाषिक कक्षाकोठामा बालकका मातृभाषामा मात्र शिक्षण गर्ने वातावरण विद्यालयमा सधैं प्राप्त नहुन सक्तछ, कहिलेकाहीँ कुनै विशेष अवसर पारेर वातावरण तयार पार्न सकिन्छ (पृ. ११) ।

बालकलाई उसको मातृभाषामा नै शिक्षण गर्नका लागि सम्बद्ध निकायले हरदम प्रयास जारी राख्नुपर्दछ । साथै शिक्षाका क्षेत्रमा बालकको मातृभाषामा नै ढिलो समयसम्म शिक्षण गर्नु उपयुक्त हुन्छ भन्ने ठानिन्छ। सामान्यतः बालकको शिक्षाको सुरूवात नै उसको मातृभाषाबाट गरिनुपर्छ । त्यसो गर्दा बालकले आफ्नो मातृभाषामा प्रस्ट रूपमा सिक्न सक्दछ भने घरको भाषिक पृष्ठभूमि र विद्यालयको भाषिक पृष्ठभूमिमा समानता भएका कारणले समग्र शिक्षण सिकाइ गतिविधि अपेक्षित बन्दछ । यस सन्दर्भमा पौडेल र कस्ट्ली (सन् २०२३) ले यसप्रकार उल्लेख गरेका छन् :

> विशेषगरी प्रारम्भिक कक्षाका बालबालिकाहरू उनीहरूको मातृभाषा वा परिचित भाषामा अन्तरक्रिया गर्न र सिक्न सक्षम भएमा उनीहरू कक्षामा सक्रिय सहभागी हुन्छन् र पाठहरूमा व्यस्त हुन्छन् । अध्ययनबाट प्राप्त यस नतिजालाई अभिभावक, प्रधानाध्यापक,

शिक्षक र अन्य सरोकारवालाले अन्तरवार्ताका क्रममा दोहोर्याएर जोड दिए र यो नतिजा विभिन्न साहित्यमा प्रतिध्वनित भएको छ (पृ.६) ।

मातृभाषासम्बन्धी चर्चा गरिएका माथिका सामग्रीहरूको पुनरावलोकन गर्दा मातृभाषाको अवधारणात्मक पक्षलाई प्रस्तुत गर्न तथा प्रस्तुत लेखका लागि अध्ययनका आधार निर्माण गर्न, अध्ययन विधि चयन गर्न, परिसीमा निर्धारण गर्न, सामग्रीको विश्लेषण गर्न तथा निष्कर्ष निकाल्न मदत पुग्दछ । साथै उक्त सामग्रीका आधारमा मातृभाषासम्बन्धी नीतिगत व्यवस्थाको चर्चा गर्न पनि सहयोग पुग्दछ ।

अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन धनकुटा जिल्लाको भौगोलिक अवस्थिति (अक्षांश, देशान्तर, नेपाल, कोसी प्रदेश, जिल्ला) को अध्ययन गरी हरेक पालिकाको भौगोलिक तथा क्षेत्रीय परिचय, भाषिक परिचय, मातृभाषाको स्थिति र तीनको भूमिकाको अध्ययन गर्नमा केन्द्रित छ । नेपालको संविधान-२०७२, राष्ट्रिय शिक्षा नीति-२०७६, स्थानीय निकाय कार्यसञ्चालन कार्यविधि-२०७६ का आधारमा वितरित भाषाको अध्ययनमा केन्द्रित भई ती भाषाको पालिकागत भूमिका (प्रधान भाषा र समतुल्य भाषा) का आधारमा अध्ययन गरी समग्रमा मातृभाषाको अवस्थितिको विश्लेषण गर्ने र मातृभाषाका आधारमा धनकुटा जिल्लाको स्थिति निरूपण गर्नमा प्रस्तुत अध्ययन परिसीमित छ ।

अध्ययन विधि तथा सामग्रीहरू

प्रस्तुत लेखमा मिश्रित पद्धतिलाई अपनाई नेपाल सरकारले प्रकाशन गरेका सामग्रीको क्षेत्रगत विश्लेषण विधिलाई उपयोग गरिएको छ । उक्त पद्धतिअन्तर्गत व्याख्यात्मक अध्ययन (Descriptive study) र सूचना विश्लेषण (Content analysis) को ढाँचालाई अपनाई मुख्यतः द्वितीयक स्रोतका तथ्याङ्क र परिपूरकका रूपमा प्राथमिक तथ्याङ्कको समेत उपयोग गरिएको छ । पुस्तक कार्य, विभिन्न लेख तथा रचनाहरू र सरकारी वेबसाइट्सका सामाग्रीहरू जस्तैः राष्ट्रिय तथ्याङ्क कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र जस्ता सरकारी कार्यालयका लिन्क, गुगल साइट्सका माध्यमले सङ्कलन गरिएका द्वितीयक स्रोतका सामग्रीलाई अपनाई सम्बन्धित जिल्लाका सातवटा पालिकाका क्षेत्रगत सूचनालाई भौगोलिक, सामाजिक तथा भाषिक स्थितिमा वर्गीकरण गरी छुट्टाछुट्टै विश्लेषण गरिएको छ । सम्बन्धित पालिकाहरूमा बोलिने मातृभाषाहरूलाई तालिकामा प्रस्तुत गरी उक्त मातृभाषाका सम्बन्धमा थप जानकारी लिन र पुष्ट्याँईका लागि पालिकाका तत्कालीन सामाजिक परिचालकहरू (वर्तमान कार्यालय सहायक/वडा सचिव एवम् अन्य प्रशासकीय अधिकृतहरू) र निर्वाचित जनप्रतिनिधिहरूसँग समेत आवश्यक छलफलबाट प्राप्त प्राथमिक तथ्याङ्कको समेत यस लेखमा उपयोग गरिएको छ । भौगोलिक विश्लेषण गर्दा देशान्तर, अक्षांश र क्षेत्रफललाई आधार बनाइएको छ भने सामाजिक र भाषिक पक्षको विश्लेषण गर्दा मातृभाषाको स्थिति, तिनको सामाजिक भूमिका, भाषापरिवार र वक्ताको लैङ्गिक स्थिति एवम् हरेक मातृभाषागत वक्ता सङ्ख्यालाई आधार बनाई उपशीर्षकका आधारमा विश्लेषण गरिएको छ ।

अध्ययनको क्षेत्रगत परिचयको आधार

धनकुटा जिल्लालाई क्षेत्रफलका हिसाबमा नेपालकै सानाजिल्लाहरूको सूचीमा राखिन्छ । उक्त सन्दर्भमा कोसी प्रदेशअन्तर्गत धनकुटा जिल्ला पनि बहुभाषिक समाज भएको जिल्ला हो । भौगोलिक रूपमा यस जिल्लाको पूर्वमा तेह्रथुम र पाँचथर जिल्ला, पश्चिममा भोजपुर, उत्तरमा सङ्खुवासभा साथै दक्षिणमा मोरङ र सुनसरी जिल्लाहरू रहेका छन् । यस जिल्लाको भौगोलिक फैलावट २६$^{\circ}$ ५३' देखि २७$^{\circ}$ १९' उत्तरी अक्षांशसम्म र ८७$^{\circ}$ ०८' देखि ८७$^{\circ}$ ३३' पूर्वी देशान्तरसम्म फैलिएको छ र यस जिल्लाको क्षेत्रफल विभिन्न दस्तावेजमा फरक फरक रहेको देखिन्छ (लिङ्खा, २०१८ सन्) । उनका अनुसार यस जिल्लाको क्षेत्रफल कुनै दस्तावेजमा ८७१ वर्ग कि.मि.केहीमा ८७७ वर्ग कि.मि. तथा केही दस्तावेजमा ८९१ वर्ग कि.मि. रहेको पाइन्छ । राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८) अनुसार यस जिल्लाको हालको जनसङ्ख्या १,५०,५९९ र यस जिल्लाको जनघनत्व १६९ जना प्रति वर्ग कि.मि. रहेको छ । राष्ट्रिय जनगणना (२०६८) मा यस जिल्लाको जनसङ्ख्या १,६३,४१२ रहेको थियो तर १० वर्ष अवधिमा यस जिल्लाको वार्षिक जनसङ्ख्या वृद्धिदर -०.७८ प्रतिशत रहेको छ । उक्त जिल्लाको समग्र भौगोलिक पक्षका साथमा हरेक पालिकाअनुरूप वितरित मातृभाषाको स्थितिलाई यस लेखमा अध्ययनको क्षेत्र बनाइएको छ ।



व्याख्या तथा विश्लेषण

प्रस्तुत लेखमा धनकुटा जिल्ला र यसका विभिन्न पालिकाहरूको भौगोलिक अवस्थिति, जनसङ्ख्या, मातृभाषाका अवस्थाको अध्ययन, विश्लेषण तथा स्थान निरूपण गरिएको छ । धनकुटा जिल्लाका पालिकाहरूमा अभ्यासमा रहेका मातृभाषीहरूको सङ्ख्यालाई सुरूमा टेबलमा प्रस्तुत गरिएको छ भने ती तथ्याङ्कलाई सामान्य ढङ्गले विश्लेषण गरिएको छ । उक्त प्रस्तुतिमा विभिन्न लेखकले लेखेका प्राज्ञिक लेखहरूको सन्दर्भ दिई थप पुष्ट्याँई समेत गरिएको छ ।

धनकुटा जिल्लाका पालिकाको भौगोलिक तथा सामाजिक स्थिति

धनकुटा जिल्ला कोसी प्रदेशमा पर्ने एक पहाडी जिल्ला हो । सङ्घीयताको मर्मअनुरूप धनकुटा जिल्ला पनि पुनः संरचित भयो । नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) अनुसार नेपाल सरकारले गाउँपालिका, नगरपालिका, विशेष संरक्षित तथा स्वायत्त क्षेत्र निर्माण गर्नसक्ने उल्लेख गरेअनुसार सङ्घीयताको मर्मअनुरूप नेपाल सरकारले स्थानीय तह पुन : संरचना आयोगको गठन गरी सो आयोगको सिफारिसका आधारमा मिति २०७३-११-२७का दिन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपालका तत्कालीन संरचनालाई संशोधन गरेर स्थानीय निकाय (गाविस) बाटस्थानीय तहहरू (पालिका) मा रूपान्तरणगर्यो। स्थानीय तहहरूको पुनर्संरचना गर्दा धनकुटा जिल्लामा देहायका तहको संरचना बन्यो(सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४) । उक्त संरचनालाई यस अध्यनयको आधार बनाइएको छ :

चौबिसे गाउँपालिकाको भौगोलिक स्थिति

धनकुटा जिल्लाको दक्षिणपूर्वी क्षेत्रमा रहेको चौबिसे गाउँपालिकाको क्षेत्रफल १४७.६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिई विभिन्न ८ वटा वडामा विभाजित छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४) । यस गाउँपालिकाको भौगोलिक अवस्थिति भौगोलिक सूचना प्रणाली (Geographical Information System-GIS) विधिको प्रयोगगर्दा यस गाउँपालिका २६° ५१' देखि २६° ५९' उत्तरी अक्षांशसम्म र ८७° २४' देखि ८७° ५५' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (लिङ्खा, सन् २०१८) । यस नगरपालिकामा २०६८ सालको जनगणनाअनुसार यस गाउँपालिकाको कूल जनसङ्ख्या १९,२८३ रहेको थियो भने २०७८ सालमा यो सङ्ख्या १७,७६७ रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । तसर्थ यस पालिकामा जनसङ्ख्या घट्दोक्रममा छ भने भौगोलिक दृष्टिले तेस्रो ठुलो पालिकाका रूपमा यसलाई चिनिन्छ ।

छथरजोरपाटी गाउँपालिकाको भौगोलिक स्थिति

धनकुटा जिल्लाको मध्यपूर्वी भागमा रहेको छथरजोरपाटी गाउँपालिका १०२.८३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिई ६ वटा वडामा विभाजित छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४) । यस गाउँपालिकाको भौगोलिक अवस्थिति भौगोलिक सूचना प्रणाली (GIS) विधिको प्रयोगगरी निकाल्दा यो नगरपालिका २६°५६' देखि २७° ६' उत्तरी अक्षांशसम्म र ८७° १८' देखि ८७° २६' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (लिङ्खा, सन् २०१८) । यस नगरपालिकामा २०६८ सालको जनगणना अनुसार कूल जनसङ्ख्या १८,३२२ रहेको थियो भने २०७८ सालमा यो सङ्ख्या १६,४५६ रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । यस पालिकाको जनसङ्ख्या पनि घट्दोक्रममा रहेको छ भने यसलाई तुलनात्मक रूपमा सानो पालिकाका रूपमा चिनिन्छ ।

धनकुटा नगरपालिकाको भौगोलिक स्थिति

धनकुटा जिल्लाको लगभग मध्यभाग तथा जिल्ला सदरमुकाम समेत रहेको धनकुटा नगरपालिका १११ वर्ग कि.मि.क्षेत्रफलमा फैलिई विभिन्न १० वटा वडामा विभाजित छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४) । यस नगरपालिकाको भौगोलिक अवस्थिति भौगोलिक सूचना प्रणाली (GIS) विधिको प्रयोगगरी निकाल्दा यो नगरपालिका २६° ५५' देखि २७° २९' उत्तरी अक्षांशसम्म र ८७° १६' देखि ८७° २३' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (लिङ्खा, सन् २०१८) । यस नगरपालिकामा २०६८ सालको जनगणनाअनुसार यस नगरपालिकाको कूल जनसङ्ख्या ३६,६१९ रहेका थिए भने २०७८ सालमा यो सङ्ख्या ३५,९८३ रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । अघिल्लो जनगणनाभन्दा २०७८ को जनगणनामा यस पालिकाको जनसङ्ख्या घटेको देखिन्छ । यस पालिकालाई भौगोलिक दृष्टिले सानो पालिकाका रूपमा चिनिन्छ ।

पाख्रिवास नगरपालिकाको भौगोलिक स्थिति

धनकुटा जिल्लाको मध्य पश्चिमी भागमा रहेको पाख्रिवास नगरपालिकामा १० वटा वडाहरू रहेका छन् र यस नगरपालिकाको क्षेत्रफल १४४.२९ वर्ग कि.मि.रहेको छ (सङ्घीय मामिला तथा

सामान्य प्रशासन मन्त्रालय, २०७४) । यस नगरपालिकाको भौगोलिक अवस्थिति भौगोलिक सूचना प्रणाली (GIS) विधिको प्रयोगगरी निकाल्दा यो नगरपालिका २६° ५८’ देखि २७° ०७’ उत्तरी अक्षांशसम्म र ८७° ११’ देखि ८७° १९’ पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (लिङ्खा, सन् २०१८) । यस नगरपालिकामा २०६८ सालमा २२,०७८ जनसङ्ख्या रहेकामा २०७८ सालमा यो १९,१०४ रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । यस पालिकाको जनसङ्ख्या पनि घट्दोक्रममा छ । यसलाई भने तुलनात्मक रूपमा ठुलो पालिकाका सूचीमा राखेर हेरिन्छ ।

महालक्ष्मी नगरपालिकाको भौगोलिक स्थिति

धनकुटा जिल्लाको उत्तरतर्फ रहेको विभिन्न ९ वटा वडामा विभाजित महालक्ष्मी नगरपालिका १२९.३९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४) । भौगोलिक सूचना प्रणाली (GIS) विधिको प्रयोगगरी यस पालिकाको भौगोलिक अवस्थिति निकाल्दा यो नगरपालिका २७°४’ देखि २७°११’ उत्तरी अक्षांशसम्म र ८७°१५’ देखि ८७°१५’ पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (लिङ्खा, सन्, २०१८) । यस नगरपालिकामा २०६८ सालको जनगणना अनुसार यस नगरपालिकाको कूल जनसङ्ख्या २४,८०० रहेका थिए भने २०७८ सालमा यो सङ्ख्या २२,१८२ रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । यस पालिकाको जनसङ्ख्या पनि घट्दोक्रममा देखिएको छ । यसलाई भौगोलिक दृष्टिमा मध्यमस्तरको पालिकाका रूपमा चिनिन्छ ।

सहिदभूमि गाउँपालिकाको भौगोलिक स्थिति

धनकुटा जिल्लाको पश्चिमतर्फ रहेको सहिदभूमि गाउँपालिका क्षेत्रफलका हिसाबले यस जिल्लाको सबैभन्दा सानो गाउँपालिका हो । जसको क्षेत्रफल ९९.५५ वर्ग कि.मि.रहेको छ र यस गाउँपालिकामा ६ वटा वडाहरू रहेका छन् (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४)। यस गाउँपालिकाको भौगोलिक अवस्थिति भौगोलिक सूचना प्रणाली (GIS) विधिको प्रयोगगरी निकाल्दा यो २६°५५’ देखि २७°२९’ उत्तरी अक्षांशसम्म र ८७°१६’ देखि ८७° २३’ पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (लिङ्खा, सन् २०१८) । यस गाउँपालिकामा २०६८ सालमा १८,७६० जनसङ्ख्या रहेकोमा २०७८ सालमा १७,७६७ रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । यस पालिकाको जनसङ्ख्या पनि बिस्तारै घट्दोक्रममा छ । भौगोलिक दृष्टिले यसलाई अति सानो पालिकाका रूपमा चिनिन्छ ।

साँगुरीगढी गाउँपालिकाको भौगोलिक स्थिति

धनकुटा जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको यो गाउँपालिका यस जिल्लाको स्थानीय तहहरूमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो स्थानीय तह हो । जसको क्षेत्रफल १६६.४४ वर्ग कि.मि.रहेको छ र यस गाउँपालिकामा १० वटा वडाहरू रहेका छन्(सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४) । यस नगरपालिकाको भौगोलिक अवस्थिति भौगोलिक सूचना प्रणाली (GIS) विधिको प्रयोगगरी निकाल्दा यो नगरपालिका २६°५०’ देखि २६°५५’ उत्तरी अक्षांशसम्म र ८७° १०’ देखि ८७°२५’ पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (लिङ्खा, सन् २०१८) । यस नगरपालिकामा २०६८ सालको जनगणनाअनुसार यस नगरपालिकाको कूल जनसङ्ख्या २१,५३६ थियो भने २०७८ सालमा यो संख्या १९,५६१ रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । जनसङ्ख्याको वृद्धिदर ऋणात्मक रहेको यस पालिकालाई धनकुटा जिल्लाकै सबैभन्दा ठुलो पालिकाका रूपमा चिनिन्छ ।

पालिकागत मातृभाषा तथा तीनको सामाजिक स्थिति

धनकुटा जिल्लाका सातवटा पालिकामा मिश्रित भाषी, जाति, धर्म र सम्प्रदायको स्थिति छ । हरेक पालिकामा रहेका बहुल भाषा तथा जातिका कारणले हरेक भाषाको सामाजिक भूमिका पनि अध्ययनको विषय बन्दछ । हरेक पालिकामा संविधानतः तोकिएका मातृभाषा बोल्ने वक्ताहरू देखिएका छन् । पालिको उक्त स्थितिलाई मातृभाषाको स्थिति, तीनको सामाजिक भूमिका, ती मातृभाषाको भाषापरिवार, लैङ्गिक वक्ता र भाषाको मुख्य क्षेत्रलाई तालिकामा प्रस्तुत गरी व्याख्या गरिएको छ । राष्ट्रिय जनगणना २०७८ का आधारमा सूचीकृत मातृभाषालाई तालिकामा प्रस्तुत गर्दा पालिकाका नामको वर्णानुक्रमलाई आधार बनाई यसप्रकार प्रस्तुत गरिएको छ :

तालिका १

चौबिसे गाउँपालिका : मातृभाषाको सामाजिक स्थिति

क्र.सं.	मातृभाषाको नाम	जम्मा वक्ता	लैङ्गिक स्थिति		भाषापरिवार
			पुरूष	महिला	
१	नेपाली	१७६७७	८५७८	९०९९	भारोपेली
२	मैथिली	४९३६	२४०३	२५३३	भारोपेली
३	भोजपुरी	४०	२५	१५	भारोपेली
४	तामाङ्	१७	१०	७	भोटबर्मेली
५	नेवार भाषा(नेवारी)	८३८	४०२	४३६	भोटबर्मेली
६	मगर धुत	५६	२५	३१	भोटबर्मेली
७	याक्थुङ् लिम्बू	२९२१	१४२५	१४९६	भोटबर्मेली
८	गुरूङ्	६३७७	३०४९	३३२८	भोटबर्मेली
९	राई	२६	१५	११	भोटबर्मेली
१०	वान्तवा	२८६	११५	१७१	भोटबर्मेली
११	चाम्लिङ्	५०	२५	२५	भोटबर्मेली
१२	माझी	५५	२७	२८	भोटबर्मेली
१३	याक्खा	७५	३५	४०	भोटबर्मेली
१४	साम्पाङ्	१३२०	६७७	६४३	भोटबर्मेली
१५	याम्फू	५३	२०	३३	भोटबर्मेली
१६	कोयी	५३५	२७८	२५७	भोटबर्मेली
१७	अन्य	५०	२३	२७	अन्य

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

माथिको तालिकामा चौबिसे गाउँपालिकाभित्र बोलिने मातृभाषाको स्थितिलाई प्रस्तुत गरिएको छ । नाम खुलाइएका मातृभाषाको सङ्ख्या १६ र मातृभाषा नखुलाइएको भाषा एक गरी जम्मा १७ वटा मातृभाषाका वक्ता उक्त गाउँपालिकामा पाइन्छन् । जसमध्ये भारोपेली भाषापरिवारका तीनवटा, भोटबर्मेली भाषापरिवारका १४ वटा र एउटा अन्य गरी जम्मा तीनवटा भाषापरिवारका मातृभाषा उक्त

पालिकामा बोलिने देखिन्छ । ती मातृभाषामध्ये सबैभन्दा धेरै वक्ता भएको मातृभाषा याक्थुङ् लिम्बू रहेको छ भने सबैभन्दा कम वक्ता भएको मातृभाषाका रूपमा भोजपुरीलाई देखाइएको छ । यद्यपि नाम नखुलाइएका मातृभाषाको वक्ताको सङ्ख्या पनि ५० जना देखाइएकाले उक्त सङ्ख्या पनि अन्य मातृभाषासँग जोडिन सक्ने देखिन्छ । उक्त तथ्याङ्कअनुसार त्यस पालिकाको प्रधान मातृभाषाका रूपमा याक्थुङ् लिम्बूलाई लिन सकिन्छ भने समतुल्य मातृभाषाका रूपमा नेपालीलाई लिन सकिन्छ । किनभने याक्थुङ् लिम्बूपछि धेरै वक्ता भएको मातृभाषाका रूपमा नेपालीलाई देखाइएको छ । बहुभाषिक समाजमा भाषाको भूमिका निर्धारण गर्दा अपनाइने आधारलाई मान्दा प्रधान र समतुल्य मातृभाषालाई निर्धारण गर्न सकिन्छ । यद्यपि बोधगम्यताका दृष्टिले पालिकाभित्रको सम्पर्क भाषाका रूपमा भने नेपाली भाषा नै सबै मातृभाषाका बिचको कुराकानीको माध्यम बन्न सक्ने देखिन्छ ।

तालिका २

छथर जोरपाटी गाउँपालिका : मातृभाषाको सामाजिक स्थिति

क.सं.	मातृभाषाको नाम	जम्मा वक्ता	लैङ्गिक स्थिति		भाषापरिवार
			पुरूष	महिला	
१	नेपाली	६८९९	३३३६	३५६३	भारोपेली
२	मैथिली	१९	१४	५	भारोपेली
३	भोजपुरी	७२५	३३७	३८८	भारोपेली
४	तामाङ्	२६८	१२७	१४१	भोटबर्मेली
५	नेवार भाषा (नेवारी)	२१५५	१०६७	१०८८	भोटबर्मेली
६	मगर धुत	५३५३	२५९२	२७६१	भोटबर्मेली
७	याक्थुङ् लिम्बू	९५	४५	५०	भोटबर्मेली
८	राई	२२८	९१	१३७	भोटबर्मेली
९	सेर्पा	३७१	१७४	१९७	भोटबर्मेली
१०	सुनुवार	३०	१४	१६	भोटबर्मेली
११	माझी	१२	५	७	भोटबर्मेली
१२	भुजेल	२५०	१२०	१३०	भोटबर्मेली
१३	अन्य	५१	२४	२७	अन्य

स्रोतःराष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

माथिको तालिकामा छथर जोरपाटी गाउँपालिकाभित्र बोलिने मातृभाषाको स्थितिलाई प्रस्तुत गरिएको छ । नाम खुलाइएका मातृभाषाको सङ्ख्या १२ र मातृभाषा नखुलाइएको भाषा एक गरी जम्मा १३ वटा मातृभाषाका वक्ता उक्त गाउँपालिकामा पाइन्छन् । जसमध्ये भारोपेली भाषापरिवारका तीनवटा, भोटबर्मेली भाषापरिवारका नौवटा र एउटा अन्य गरी जम्मा तीनवटा भाषापरिवारका मातृभाषा उक्त

पालिकामा बोलिने देखिन्छ । ती मातृभाषामध्ये सबैभन्दा धेरै वक्ता भएको मातृभाषाका रूपमा नेपाली भाषालाई देखाइएको छ भने सबैभन्दा कम वक्ता भएको मातृभाषाका रूपमा माझी भाषालाई देखाइएको छ । यद्यपि नाम नखुलाइएका मातृभाषाका वक्ताको सङ्ख्या पनि ५१ जना देखाइएकाले उक्त सङ्ख्या पनि अन्य मातृभाषासँग जोडिन सक्ने देखिन्छ । उक्त तथ्याङ्कअनुसार त्यस पालिकाको प्रधान मातृभाषाका रूपमा नेपाली भाषालाई लिन सकिन्छ भने समतुल्य मातृभाषाका रूपमा मगर धुतलाई लिन सकिन्छ । किनभने नेपाली मातृभाषापछि धेरै वक्ता भएको मातृभाषाका रूपमा मगर धुतलाई देखाइएको छ । बहुभाषिक समाजमा भाषाको भूमिका निर्धारण गर्दा अपनाइने आधारलाई मान्दा प्रधान र समतुल्य मातृभाषाका रूपमा क्रमश: नेपाली र मगर धुत भाषालाई निर्धारण गर्न सकिन्छ । यद्यपि बोधगम्यताका दृष्टिले पालिकाभित्रको सम्पर्क भाषाका रूपमा भने नेपाली भाषा नै सबै मातृभाषाका बिचको कुराकानीको माध्यम बन्न सक्ने देखिन्छ ।

तालिका ३

धनकुटा नगरपालिका : मातृभाषाको सामाजिक स्थिति

क्र. सं.	मातृभाषाको नाम	जम्मा वक्ता	लैङ्गिक स्थिति		भाषापरिवार
			पुरूष	महिला	
१	नेपाली	६८४३५	३३६८१	३४७५४	भारोपेली
२	मैथिली	६१३	४२७	१८६	भारोपेली
३	भोजपुरी	१०१	६३	३८	भारोपेली
४	थारू	१८८	१३९	४९	भारोपेली
५	तामाङ्	७९५७	३८४०	४११७	भोटबर्मेली
६	नेवार भाषा (नेवारी)	२०९१	१०४७	१०४४	भोटबर्मेली
७	बज्जिका	१२	८	४	भारोपेली
८	मगर धुत	१३९७३	६८४०	७१३३	भोटबर्मेली
९	उर्दू	२५	१६	९	भारोपेली
१०	अवधि	१५	९	६	भारोपेली
११	याक्थुङ् लिम्बू	१९५४५	९३२८	१०२१७	भोटबर्मेली
१२	गुरूङ्	३७८	१८४	१९४	भोटबर्मेली
१३	राई	४६४६	२१५६	२४९०	भोटबर्मेली
१४	वान्तवा	१४८४८	७२३१	७६१७	भोटबर्मेली
१५	राजवंशी	२१	१६	५	भारोपेली
१६	सेर्पा	६२७	२९१	३३६	भोटबर्मेली
१७	हिन्दी	९४	७०	२४	भारोपेली
१८	चाम्लिङ्	५७१	२७९	२९२	भोटबर्मेली
१९	सुनुवार	४२	२१	२१	भोटबर्मेली

२०	कुलुङ्	१२९	६२	६७	भोटबर्मेली
२१	मारवाडी	२४	१०	१४	भारोपेली
२२	माझी	२८०	१२५	१५५	भोटबर्मेली
२३	भुजेल	३६३	१७३	१९०	भोटबर्मेली
२४	थुलुङ्	३६	१५	२१	भोटबर्मेली
२५	याक्खा	३८१९	१९२०	१८९९	भोटबर्मेली
२६	साम्पाङ	३०६	१६५	१४१	भोटबर्मेली
२७	खालिङ	५०	१९	३१	भोटबर्मेली
२८	वाम्बुले	११९	५३	६६	भोटबर्मेली
२९	बाहिङ्	१६	७	९	भोटबर्मेली
३०	नाछिरिङ	२६	११	१५	भोटबर्मेली
३१	याम्फु	८६५	४४७	४१८	भोटबर्मेली
३२	दुङ्माली	१११	६२	४९	भोटबर्मेली
३३	आठपहरिया	५११९	२४३६	२६८३	भोटबर्मेली
३४	सङ्केत भाषा	७१	३२	३९	अन्य
३५	लोहोरूङ्	४१	२०	२१	भोटबर्मेली
३६	छिन्ताङ्	२४३०	१२५५	११७५	भोटबर्मेली
३७	छिलिङ्	१३९६	७४२	६५४	भोटबर्मेली
३८	खस	१०	४	६	भारोपेली
३९	संस्कृत	७९	३८	४१	भारोपेली
४०	कोयी	४४	२४	२०	भोटबर्मेली
४१	बेलहारे	१४२	६६	७६	भोटबर्मेली
४२	फाङ्दुवाली	२२८	१२९	९९	भोटबर्मेली
४३	मुगाली	५९८	२९१	३०७	भोटबर्मेली
४४	अन्य	११५	७२	४३	अन्य

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

मााथिको तालिकामा धनकुटा नगरपालिकाभित्र बोलिने मातृभाषाको स्थितिलाई प्रस्तुत गरिएको छ । नाम खुलाइएका मातृभाषाको सङ्ख्या ४३ र मातृभाषा नखुलाइएको भाषा एक गरी जम्मा ४४ वटा मातृभाषाका वक्ता उक्त गाउँपालिकामा पाइन्छन् । जसमध्ये भारोपेली भाषापरिवारका बाह्रवटा, भोटबर्मेली भाषापरिवारका एकतिसवटा र एउटा अन्य गरी जम्मा तीनवटा भाषापरिवारका मातृभाषा उक्त पालिकामा बोलिने देखिन्छ । ती मातृभाषामध्ये सबैभन्दा धेरै वक्ता भएको मातृभाषाका रूपमा नेपाली भाषालाई देखाइएको छ भने सबैभन्दा कम वक्ता भएको मातृभाषाका रूपमा खस भाषालाई

देखाइएको छ । यद्यपि नाम नखुलाइएका मातृभाषाको वक्ताको सङ्ख्या पनि ११५ जना देखाइएकाले उक्त सङ्ख्या पनि अन्य मातृभाषासँग जोडिन सक्ने देखिन्छ । उक्त तथ्याङ्कअनुसार यस पालिकाको प्रधान मातृभाषाका रूपमा नेपाली भाषालाई लिन सकिन्छ भने समतुल्य मातृभाषाका रूपमा याक्थुङ् लिम्बू भाषालाई लिन सकिन्छ । किनभने नेपाली मातृभाषापछि धेरै वक्ता भएको मातृभाषाका रूपमा याक्थुङ लिम्बूलाई देखाइएको छ । बहुभाषिक समाजमा भाषाको भूमिका निर्धारण गर्दा अपनाइने आधारलाई मान्दा उक्त नगरपालिकाभित्र प्रधान र समतुल्य मातृभाषाका रूपमा क्रमशः नेपाली र याक्थुङ लिम्बू भाषालाई निर्धारण गर्न सकिन्छ । यद्यपि बोधगम्यताका दृष्टिले पालिकाभित्रको सम्पर्क भाषाका रूपमा भने नेपाली भाषा नै सबै मातृभाषाका बिचको कुराकानीको माध्यम बन्न सक्ने देखिन्छ ।

तालिका ४

पाखिबास नगरपालिका : मातृभाषाको सामाजिक स्थिति

क्र.सं.	मातृभाषाको नाम	जम्मा वक्ता	लैङ्गिक स्थिति		भाषापरिवार
			पुरूष	महिला	
१	नेपाली	१०८३२	५२०४	५६२८	भारोपेली
२	मैथिली	५३	४२	११	भारोपेली
३	भोजपुरी	२३	१४	९	भारोपेली
४	तामाङ्	२६८८	१२९२	१३९६	भारोपेली
५	नेवार भाषा (नेवारी)	१५४	७७	७७	भोटबर्मेली
६	मगर ढुत	२५१२	१२०७	१३०५	भोटबर्मेली
७	याक्थुङ् लिम्बू	१२३	५१	७२	भोटबर्मेली
८	गुरूङ	२९	१४	१५	भोटबर्मेली
९	राई	८७४	३९८	४७६	भोटबर्मेली
१०	वान्तवा	५६३	२६४	२९९	भोटबर्मेली
११	सेर्पा	३५	१५	२०	भोटबर्मेली
१२	चाम्लिङ्	६२	२८	३४	भोटबर्मेली
१३	भुजेल	२३	११	१२	भोटबर्मेली
१४	याक्खा	१०३	५७	४६	भोटबर्मेली
१५	साम्पाङ	८५	५२	३३	भोटबर्मेली
१६	दुङ्माली	१९	८	११	भोटबर्मेली
१७	आठपहरीया	५०	२८	२२	भोटबर्मेली
१८	फाङदुवाली	२२७	१२९	९८	भोटबर्मेली
१९	मुगाली	५९८	२९१	३०७	भोटबर्मेली
२०	अन्य	५१	२२	२९	अन्य

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

माथिको तालिकामा पाखिबास नगरपालिकाभित्र बोलिने मातृभाषाको स्थितिलाई प्रस्तुत गरिएको छ । नाम खुलाइएका मातृभाषाको सङ्ख्या १९ र मातृभाषा नखुलाइएको भाषा एक गरी जम्मा २० वटा मातृभाषाका वक्ता उक्त गाउँपालिकामा पाइन्छन् । जसमध्ये भारोपेली भाषापरिवारका तीनवटा, भोटबर्मेली भाषापरिवारका सोह्रवटा र एउटा अन्य गरी जम्मा तीनवटा भाषापरिवारका मातृभाषा उक्त पालिकामा बोलिने देखिन्छ । ती मातृभाषामध्ये सबैभन्दा धेरै वक्ता भएको मातृभाषाका रूपमा नेपाली भाषालाई देखाइएको छ भने सबैभन्दा कम वक्ता भएको मातृभाषाका रूपमा दुङ्माली भाषालाई देखाइएको छ । यद्यपि नाम नखुलाइएका मातृभाषाको वक्ताको सङ्ख्या पनि ५१ जना देखाइएकाले उक्त सङ्ख्या पनि अन्य मातृभाषासँग जोडिन सक्ने देखिन्छ । उक्त तथ्याङ्कअनुसार त्यस पालिकाको प्रधान मातृभाषाका रूपमा नेपाली भाषालाई लिन सकिन्छ भने समतुल्य मातृभाषाका रूपमा तामाङ् भाषालाई लिन सकिन्छ । किनभने नेपाली मातृभाषापछि धेरै वक्ता भएको मातृभाषाका रूपमा तामाङ् भाषालाई देखाइएको छ । बहुभाषिक समाजमा भाषाको भूमिका निर्धारण गरी अपनाइने आधारलाई मान्दा उक्त पालिकाको प्रधान र समतुल्य मातृभाषाका रूपमा क्रमशः नेपाली र तामाङ् भाषालाई निर्धारण गर्न सकिन्छ । यद्यपि बोधगम्यताका दृष्टिले पालिकाभित्रको सम्पर्क भाषाका रूपमा भने नेपाली भाषा नै सबै मातृभाषाका बिचको कुराकानीको माध्यम बन्न सक्ने देखिन्छ ।

तालिका ५

महालक्ष्मी नगरपालिका : मातृभाषाको सामाजिक स्थिति

क्र.सं.	मातृभाषाको नाम	जम्मा वक्ता	लैङ्गिक स्थिति		भाषापरिवार
			पुरूष	महिला	
१	नेपाली	१६४५४	८०६६	८३८८	भारोपेली
२	मैथिली	४४	३३	११	भारोपेली
३	तामाङ्	८४३	४०२	४४१	भोटबर्मेली
४	नेपाल भाषा (नेवारी)	११९	५७	६२	भोटबर्मेली
५	मगर धुत	२४०८	११६९	१२३९	भोटबर्मेली
६	याक्थुङ् लिम्बू	७६४	३७५	३८९	भोटबर्मेली
७	गुरूङ्	१६२	८०	८२	भोटबर्मेली
८	राई	१३६	६०	७६	भोटबर्मेली
९	सेर्पा	२३	१३	१०	भोटबर्मेली
१०	याक्खा	११२५	५५४	५७१	भोटबर्मेली
११	संस्कृत	६४	२८	३६	भारोपेली
१२	अन्य	४०	२२	१८	अन्य

राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

माथिको तालिकामा महालक्ष्मी नगरपालिकाभित्र बोलिने मातृभाषाको स्थितिलाई प्रस्तुत गरिएको छ । नाम खुलाइएका मातृभाषाको सङ्ख्या ११ र मातृभाषा नखुलाइएको भाषा एक गरी जम्मा १२ वटा मातृभाषाका वक्ता उक्त गाउँपालिकामा पाइन्छन् । जसमध्ये भारोपेली भाषापरिवारका तीनवटा, भोटबर्मेली भाषापरिवारका आठवटा र एउटा अन्य गरी जम्मा तीनवटा भाषापरिवारका मातृभाषा उक्त पालिकामा बोलिने देखिन्छ । ती मातृभाषामध्ये सबैभन्दा धेरै वक्ता भएको मातृभाषाका रूपमा नेपाली भाषालाई देखाइएको छ भने सबैभन्दा कम वक्ता भएको मातृभाषाका रूपमा सेर्पा भाषालाई देखाइएको छ । यद्यपि नाम नखुलाइएका मातृभाषाको वक्ताको सङ्ख्या पनि ४० जना देखाइएकाले उक्त सङ्ख्या पनि अन्य मातृभाषासँग जोडिन सक्ने देखिन्छ । उक्त तथ्याङ्कअनुसार त्यस पालिकाको प्रधान मातृभाषाका रूपमा नेपाली भाषालाई लिन सकिन्छ भने समतुल्य मातृभाषाका रूपमा मगर धुत भाषालाई लिन सकिन्छ। किनभने नेपाली मातृभाषापछि धेरै वक्ता भएको मातृभाषाका रूपमा मगर धुत भाषालाई देखाइएको छ । बहुभाषिक समाजमा भाषाको भूमिका निर्धारण गर्दा अपनाइने आधारलाई मान्दा उक्त पालिकाको प्रधान र समतुल्य मातृभाषाका रूपमा क्रमशः नेपाली र मगर धुत भाषालाई निर्धारण गर्न सकिन्छ । यद्यपि बोधगम्यताका दृष्टिले पालिकाभित्रको सम्पर्क भाषाका रूपमा भने नेपाली भाषा नै सबै मातृभाषाका बिचको कुराकानीको माध्यम बन्न सक्ने देखिन्छ ।

तालिका ६

साँगुरीगढी गाउँपालिका : मातृभाषाको सामाजिक स्थिति

क्र.सं.	मातृभाषाको नाम	जम्मा वक्ता	लैङ्गिक स्थिति		भाषापरिवार
			पुरूष	महिला	
१	नेपाली	३४१९	१६५७	१७६२	भारोपेली
२	मैथिली	३०	१७	१३	भारोपेली
३	थारू	१२	७	५	भारोपेली
४	तामाङ्	५६७	२८०	२८७	भोटबर्मेली
५	नेपाल भाषा (नेवारी)	१००	५६	४४	भोटबर्मेली
६	मगर धुत	१५२२	७५१	७७१	भोटबर्मेली
७	याक्थुङ् लिम्बू	५२४५	२५४९	२६९६	भोटबर्मेली
८	गुरूङ्	१०	४	६	भोटबर्मेली
९	राई	४११	१८८	२२३	भोटबर्मेली
१०	वान्तवा	६२६२	३०६६	३१९६	भोटबर्मेली
११	चाम्लिङ्	८३	३८	४५	भोटबर्मेली
१२	कुलुङ्	१२	७	५	भोटबर्मेली
१३	माझी	२८	७	२१	भोटबर्मेली
१४	याक्खा	११३४	५७९	५५५	भोटबर्मेली

१५	साम्पाङ	७९	४४	३५	भोटबर्मेली
१६	वाम्बुले	३९	२१	१८	भोटबर्मेली
१७	याम्फु	२९६	१५२	१४४	भोटबर्मेली
१८	दुङ्माली	२२	१४	८	भोटबर्मेली
१९	सङ्केत भाषा	२१	१०	११	अन्य
२०	लोहोरूङ	३७	१९	१८	भोटबर्मेली
२१	छिन्ताङ्	१७३	९९	७४	भोटबर्मेली
२२	छिलिङ	११	४	७	भोटबर्मेली
२३	अन्य	४८	२२	२६	अन्य

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

माथिको तालिकामा साँगुरीगढी गाउँपालिकाभित्र बोलिने मातृभाषाको स्थितिलाई प्रस्तुत गरिएको छ । नाम खुलाइएका मातृभाषाको सङ्ख्या २२ र मातृभाषा नखुलाइएको भाषा एक गरी जम्मा २३ वटा मातृभाषाका वक्ता उक्त गाउँपालिकामा पाइन्छन् । जसमध्ये भारोपेली भाषापरिवारका तीनवटा, भोटबर्मेली भाषापरिवारका अठारवटा र एउटा सङ्केत भाषा र एउटा अन्य गरी जम्मा चार प्रकृतिका भाषापरिवारका मातृभाषा उक्त पालिकामा बोलिने देखिन्छ । ती मातृभाषामध्ये सबैभन्दा धेरै वक्ता भएको मातृभाषाका रूपमा वान्तवा भाषालाई देखाइएको छ भने सबैभन्दा कम वक्ता भएको मातृभाषाका रूपमा गुरूङ् भाषालाई देखाइएको छ । यद्यपि नाम नखुलाइएका मातृभाषाको वक्ताको सङ्ख्या पनि ४८ जना देखाइएकाले उक्त सङ्ख्या पनि अन्य मातृभाषासँग जोडिन सक्ने देखिन्छ । उक्त तथ्याङ्कअनुसार त्यस पालिकाको प्रधान मातृभाषाका रूपमा वान्तवा भाषालाई लिन सकिन्छ भने समतुल्य मातृभाषाका रूपमा याक्थुङ् लिम्बू भाषालाई लिन सकिन्छ । किनभने वान्तवा मातृभाषापछि धेरै वक्ता भएको मातृभाषाका रूपमा याक्थुङ् लिम्बू भाषालाई देखाइएको छ । बहुभाषिक समाजमा भाषाको भूमिका निर्धारण गर्दा अपनाइने आधारलाई मान्दा उक्त पालिकाको प्रधान र समतुल्य मातृभाषाका रूपमा क्रमशः वान्तवा र याक्थुङ् लिम्बू भाषालाई निर्धारण गर्न सकिन्छ । यद्यपि बोधगम्यताका दृष्टिले पालिकाभित्रको सम्पर्क भाषाका रूपमा भने नेपाली भाषा नै सबै मातृभाषाका बिचको कुराकानीको ाध्यम बन्न सक्ने देखिन्छ ।

तालिका ७

सहिदभूमि गाउँपालिका : मातृभाषाको सामाजिक भूमिका

क्र.सं.	मातृभाषाको नाम	जम्मा वक्ता	लैङ्गिक स्थिति		भाषापरिवार
			पुरूष	महिला	
१	नेपाली	४४४०	२२१९	२२२१	भारोपेली
२	मैथिली	१२	१२	०	भारोपेली
३	तामाङ्	३५	१९	१६	भोटबर्मेली
४	नेपाल भाषा (नेवारी)	४७	२२	२५	भोटबर्मेली

५	मगर धुत	२२४	९९	१२५	भोटबर्मेली
६	याक्थुङ् लिम्बू	४५५	१७९	२७६	भोटबर्मेली
७	राई	१३१८	६४२	६७६	भोटबर्मेली
८	वान्तवा	७१२१	३४८३	३६३८	भोटबर्मेली
९	चाम्लिङ	१५३	७७	७६	भोटबर्मेली
१०	कुलुङ	१२	४	८	भोटबर्मेली
११	माझी	११६	५१	६५	भोटबर्मेली
१२	भुजेल	१४	७	७	भोटबर्मेली
१३	खालिङ्	२७	१३	१४	भोटबर्मेली
१४	वाम्बुले	६२	२४	३८	भोटबर्मेली
१५	दुङ्माली	५६	३१	२५	भोटबर्मेली
१६	सङ्केत भाषा	३१	१२	१९	अन्य
१७	छिन्ताङ	२२३०	११४२	१०८८	भोटबर्मेली
१८	छिलिङ	१३४४	७२०	६२४	भोटबर्मेली
१९	अन्य	७०	२१	४९	अन्य

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

माथिको तालिकामा सहिदभूमि गाउँपालिकाभित्र बोलिने मातृभाषाको स्थितिलाई प्रस्तुत गरिएको छ । नाम खुलाइएका मातृभाषाको सङ्ख्या १८ र मातृभाषा नखुलाइएको भाषा एक गरी जम्मा १९ वटा मातृभाषाका वक्ता उक्त गाउँपालिकामा पाइन्छन् । जसमध्ये भारोपेली भाषापरिवारका दुईवटा, भोटबर्मेली भाषापरिवारका सोह्रवटा तथा एउटा सङ्केत भाषा र अर्को अन्य गरी जम्मा चार प्रकृतिका भाषापरिवारका मातृभाषा उक्त पालिकामा बोलिने देखिन्छ । ती मातृभाषामध्ये सबैभन्दा धेरै वक्ता भएको मातृभाषाका रूपमा वान्तवा भाषालाई देखाइएको छ भने सबैभन्दा कम वक्ता भएको मातृभाषाका रूपमा कुलुङ् र मैथिली भाषालाई देखाइएको छ । यद्यपि नाम नखुलाइएका मातृभाषाका वक्ताको सङ्ख्या पनि ७० जना देखाइएकाले उक्त सङ्ख्या पनि अन्य मातृभाषासँग जोडिन सक्ने देखिन्छ । उक्त तथ्याङ्कअनुसार त्यस पालिकाको प्रधान मातृभाषाका रूपमा वान्तवा भाषालाई लिन सकिन्छ भने समतुल्य मातृभाषाका रूपमा नेपाली भाषालाई लिन सकिन्छ । किनभने वान्तवा मातृभाषापछि धेरै वक्ता भएको मातृभाषाका रूपमा नेपाली भाषालाई देखाइएको छ । बहुभाषिक समाजमा भाषाको भूमिका निर्धारण गर्दा अपनाइने आधारलाई मान्दा उक्त पालिकाको प्रधान र समतुल्य मातृभाषाका रूपमा क्रमशः वान्तवा र नेपाली भाषालाई निर्धारण गर्न सकिन्छ । यद्यपि बोधगम्यताका दृष्टिले पालिकाभित्रको सम्पर्क भाषाका रूपमा भने नेपाली भाषा नै सबै मातृभाषाका बिचको कुराकानीको माध्यम बन्न सक्ने देखिन्छ ।

संस्थागतरूपमा मातृभाषाका प्रयोग स्थिति

धनकुटा जिल्लाका सातवटा पालिकाभित्रका सार्वजनिक सेवा प्रवाह गर्ने संस्थाहरूमा प्रयोग गरिने मातृभाषाका प्रयोगको स्थितिलाई पनि मातृभाषाको वितरणका आधारमा प्रस्तुत गरिएको छ :

तालिका ७

संस्थामा मातृभाषा प्रयोगको स्थिति

क.सं.	मातृभाषाको नाम	जम्मा वक्ता	लैङ्गिक स्थिति		भाषापरिवार
			पुरूष	महिला	
१	नेपाली	१०९२	९७१	१२१	भारोपेली
२	मैथिली	८१	७५	६	भारोपेली
३	थारू	७९	७६	३	भारोपेली
४	तामाङ	८७	७८	९	भोटबर्मेली
५	नेपाल भाषा (नेवारी)	५९	५७	२	भोटबर्मेली
६	मगर धुत	१७०	१५७	१३	भोटबर्मेली
७	याक्थुङ् लिम्बू	७०	५९	११	भोटबर्मेली
८	गुरूङ्	१६	१३	३	भोटबर्मेली
९	राई	१०५	९३	१२	भोटबर्मेली
१०	वान्तवा	१६	१३	३	भोटबर्मेली
११	सेर्पा	१८	१३	५	भोटबर्मेली
१२	हिन्दी	२५	२४	१	भारोपेली
१३	भुजेल	१२	१२	०	भारोपेली
१४	अन्य	३९	३६	३	अन्य

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८

माथिको तालिकामा धनकुटा जिल्लाका विभिन्न संस्थामा काम गर्ने अधिकारीहरूले प्रयोग गर्ने आफ्नो मातृभाषाको स्थितिलाई प्रस्तुत गरिएको छ । उक्त स्थितिलाई मूल्याङ्कन गर्दा नेपाली भाषाको प्रयोग गर्ने वक्ताको सङ्ख्या सबैभन्दा बढी र भुजेल भाषाको प्रयोग गर्ने वक्ताको सङ्ख्या सबैभन्दा कम रहेको देखिएको छ । सरकारी, गैरसरकारी तथा निजी संस्थामा प्रयोग गरिने मातृभाषाको स्थिति हेर्दा मातृभाषा प्रयोगमा सचेतना आउन थालेको देखिन्छ । यद्यपि आफ्नो मातृभाषा वा सम्पर्क भाषा खुलाउन नचाहेका वक्ताको सङ्ख्या पनि ३९ रहेकाले उक्त अवस्था पनि मातृभाषा प्रयोगबाट प्रभावित रहेको अवस्थाका रूपमा देखिन्छ । मातृभाषाप्रतिको मोह र साझा सम्पर्क भाषाप्रतिको बराबर मोहका कारण उनीहरूले कुनै पनि भाषाको नाम लिन नचाहेको बुझिन्छ । उक्त आँकडालाई अध्ययन गर्दा पछिल्ला समयमा धनकुटा जिल्लाका हरेक संस्थामा काम गर्ने अधिकारी वा कर्मचारीहरूले आफ्नो मातृभाषा प्रयोग गर्न थालेको देखिन्छ ।

निष्कर्ष

नेपालको संविधान-२०७२ मा व्यवस्था गरिएअनुसार सङ्घीयताको मर्मअनुरूप राज्य नै पुनर्संरचित भएको छ । नेपालको भौगोलिक संरचनामा पनि संशोधन गरिएको छ । उक्त संरचनाअनुरूप कोसी प्रदेशअन्तर्गतको एक पहाडी जिल्लाका रूपमा धनकुटा चिनिएको छ । उक्त जिल्लाको भौगोलिक अवस्थिति, त्यहाँका सातवटा पालिकामा बोलिने मातृभाषाको स्थिति तथा तिनको सामाजिक सम्प्रेषणमा देखिने भूमिकाका आधारमा अध्ययन गर्दा साँगुरीगढी गाउँपालिका सबैभन्दा ठुलो पालिकाका रूपमा देखिएको छ भने सहिदभूमि गाउँपालिका सबैभन्दा सानो पालिकाका रूपमा देखिएको छ । सातवटै पालिकाको वस्तुगत अध्ययन गर्दा धनकुटा नगरपालिका जिल्लाकै मध्यविन्दुमा पर्ने पालिकाका रूपमा देखिएको छ । त्यसैगरी यस जिल्लामा मुख्यतः दुई भाषापरिवारका मातृभाषा बोलिन्छन् : भारोपेली र भोटबर्मेली । तिनका साथै तीनवटा पालिकामा सङ्केत भाषाको प्रयोग गर्ने वक्ता पनि पाइएका छन् । आफ्नो मातृभाषा नखुलाउने मातृभाषी वक्ता हरेक पालिकामा पाइएका छन् भने वक्ताको सङ्ख्याका हिसाबले सबैभन्दा पहिलो, दोस्रो, तेस्रो र चौथो मातृभाषाहरूको सङ्ख्या क्रमशः १,३५,७६९ वक्ता (नेपाली), ३५,३२० जना (याक्थुङ् लिम्बू), २९,३०३ जना (वान्तवा), २७,७७६ (मगर धुत) मातृभाषी रहेको पाइएको छ । यद्यपि पालिकागत रूपमा हेर्दा सहिदभूमि र साँगुरीगढी गाउँपालिकामा वान्तवा मातृभाषा, महालक्ष्मी नगरपालिका, छथर जोरपाटी गाउँपालिका, पाख्रिवास नगरपालिका र धनकुटा नगरपालिकामा नेपाली भाषा तथा चौबिसे गाउँपालिकामा याक्थुङ् लिम्बू मातृभाषाका वक्ताको सङ्ख्या बढी रहेको देखिन्छ । उक्त स्थितिमा वक्ताको सङ्ख्या सबैभन्दा बढी भएका पालिकामा उक्त मातृभाषालाई प्रधान भाषा र दोस्रो स्थानको भाषालाई समतुल्य भाषाका रूपमा अपनाउन सकिने देखिन्छ । त्यसैगरी मातृभाषाको सङ्ख्याका हिसाबले सबैभन्दा बढी मातृभाषाहरू भोटबर्मेली भाषापरिवारका रहेका छन् भने दोस्रो स्थानमा भारोपेली भाषापरिवारका भाषा रहेका छन् तर वक्ताको सङ्ख्याका हिसाबले भारोपेली भाषापरिवारका वक्ता सबभन्दा धेरै र भोटबर्मेली भाषापरिवारका भाषा दोस्रो स्थानमा देखिएका छन् । तीनवटा पालिकामा सङ्केत भाषाको प्रयोग गर्ने वक्ता पनि पाइएकाले उक्त पालिकालाई भाषिक सञ्चारका दृष्टिले विशेष पालिका भनेर सम्बोधन गर्न सकिन्छ । मातृभाषा खुलाउन नचाहेका वक्तालाई भने आफ्नो मातृभाषाप्रति अपनत्व बोध गर्न सशक्तीकरण गर्नुपर्ने अवस्था देखिन्छ । साथै धनकुटा जिल्लाका हरेक संस्थामा काम गर्ने कर्मचारीहरूले पनि आफ्नो कार्यालय समयमा मातृभाषाको प्रयोग गर्न थालेको स्थिति देखिन्छ । समग्रमा बहुभाषिक, बहुपहिचानात्मक, बहुभूमिकात्मक र बहुभौगोलिक अवस्थिति रहेको जिल्लाको परिचयबाट धनकुटा चिनिएको छ । यसका हरेक मातृभाषा र तिनको सामाजिक भूमिकाका लागि स्थानीय पालिकाले रचनात्मक भूमिका खेल्नुपर्ने देखिन्छ ।

सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (सन् २०१६), *बालशिक्षा, भाषा र भाषा शिक्षण,*https://www.samakalinsahitya.com/sahitya/details/5518 .

अन्ने, मारिए एन्ड पाउली, हन्सेन (सन् मि.न.), *टिचर एजुकेसन : लैङ्गुएज इस्स्युज इन मल्टिलिङ्गुअल एजुकेसनल कन्टेक्स्ट,* http://wwwfr.uni.lu/studies/flshase/formation_pedagogique_des_enseignants_du_secondaire

आचार्य, माधव र गौतम, रामप्रसाद (२०६३), *सामाजिक भाषाविज्ञान तथा मनोभाषाविज्ञान,* त्रिभुवन विश्वविद्यालय ।

आधारभूत पाठ्यक्रम प्रारूप (२०६३), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

के.सी., लक्ष्मण (२०२२), प्राथमिक कक्षा अङ्ग्रेजी शिक्षामा दर्शनशास्त्र, स्नातकोत्तर अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. ।

जोन्सन, आर., बुर्के एन्ड क्राइन्टेन्सन्, ल्यारी (सन् २०१४), *एजुकेसनल रिसर्च* (पाँचौं संस्क.), सेज ।

जोन्स्, रोड्नि एच. र थिमिस्टोक्लेअस्, क्राइसटियना (सन् २०२२), *इन्ट्रोड्युसिङ् लैङ्गुयज एन्ड सोसाइटी,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

नगरकोटी, पुष्पा (२०२३), *बहुभाषिक कक्षाकोठामा अङ्ग्रेजी पढाउने कक्षाकोठाको व्यवस्थापन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय, त्रि.वि., कीर्तिपुर ।

निर्देशिका बहुभाषिक शिक्षा कार्यान्वयन (२०६६), नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, भक्तपुर, सानोठिमी ।

नेपाल, शक्ति (२०८०), नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखन क्षमता, *सोताङ् जर्नल,* ३*(१),* ३९–४८ ।

नेपालको संविधान (२०४७), कानुन किताब व्यवस्था समिति ।

नेपालको संविधान (२०७२), कानुन किताब व्यवस्था समिति ।

पार्क, जोसेफ, एस.(सन् २०१६), ल्याङ्ग्वेज एज प्युर पोटेन्सियल, *जर्नल अफ मल्टिलिङ्गुअल एन्ड मल्टिकल्चरल डेमलपमेन्ट,* ३७*(५),* ४५३-४६६ ।

पेनीकुक, एलास्टैर एण्ड एमी आसुजी (सन् २०१५), मेट्रोलिङ्गुअलिज्म : ल्याङ्ग्वेज इन द सिटी, रूटलेज ।

पौडेल, प्रेमप्रसाद र कस्ट्ली, टयासी (सन् २०२३), *नेपालमा बालबालिकाको सिकाइ उपलब्धिमा भाषाहरू र भाषिक नीतिहरूको प्रभावको बुझाइ,* शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

पौडेल, माधवप्रसाद (२०६७), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

फ्याक, प्रेम एण्ड शर्मा, बालकृष्ण (डिसेम्बर ७, सन् २०२०), रेजिम्स् अफ लिङ्ग्वैस्टिक एन्टरप्रेनरसिप : निओलिबरलिज्म, द एन्टङ्गलमेन्ट अफ ल्याङ्ग्वैज आइडिओलोजी एन्ड एफेक्टिभ रेजिम इन ल्याङ्ग्वैज एजुकेसन पोलिसी, https://doi.org/10.1515/multi-2020-0031 .

बडु, भूवेश्वरी र जोशी, हेमा (२०७८), *बहुभाषिक कक्षामा नेपाली शिक्षण,* इन्टेलेक्च्युअल्ज बुक प्यालेज ।

बेकर, कोलिन (सन् २००१), *फाउन्डेसन्स् अफ बाइलिङ्गुअल एजुकेसन एन्ड बाइलिङ्गुअलिज्म* (तेस्रो संस्क.), मल्टिलिङ्गुअल म्याटर्स लि. ।

ब्लक, डेभिड, जोन ग्रे एन्ड म्यान र होलबोरोउ (सन् २०१२), निओलिबरलिज्म एन्ड अप्लाइड लिङ्ग्वैस्टिक्स्, रूटलेज ।

भट्टराई, रामप्रसाद (२०७९), *भाषिक सम्पादन कला,* इन्टेलेक्च्युअल्ज बुक प्यालेज ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०७२), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८), *राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजा,* नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

लिङ्खा, टीकाराम (सन् २०१८), स्थानीय तहको पुन : संरचनाः धनकुटा जिल्लाको वर्तमान भूगोल, *बौद्धिक दर्पण,* ३, ४७-५९ ।

वस्ती, शरच्चन्द्र (२०६९), *हाम्रो भाषा* (तेस्रो संस्क.), फाइनप्रिन्ट ।

वाङ, याङतिङ एन्ड लि, शिकुन (सन् २०२०, नोभेम्बर), इस्युज, च्यालेन्जेज एन्ड फ्युचर डाइरेक्सन्स् फर मल्टिलिङ्गुअल एसेसमेन्ट, *जर्नल अफ लैङ्गुयज टिचिङ् एन्ड रिसर्च,*१६(६), ९१४-९१९, Dhttps: doi.orgOI: http://dx.doi.org/10.17507/jltr.1106.06

वार्डफ, रोनाल्ड एन्ड फुलर, जेनेट एम. (सन् २०१५), *एन इन्ट्रोडक्सन टु सोसिओलिङ्गुइसटिक्स्* (सातौँ संस्क.), विले ब्लाकवेल ।

शर्मा, बाल एन्ड फ्याक, प्रेम (सन् २०१७), निओलिबरलिज्म, लिङ्ग्वैस्टिक कमोडिकेसन, एन्ड एथ्जनो लिङ्ग्वैस्टिक आइडेन्टिटी इन मल्टिलिङ्गुअल नेपाल, *ल्याङ्ग्वेज इन सोसाइटी,* ४६(२), २३१-२५६ ।

शिक्षा नियमावली (२०५९), कानुन किताब व्यवस्था समिति ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४), *गाउँपालिका र नगरपालिकाको संक्षिप्त परिचय,* स्वयम्, नेपाल सरकार ।

सिल, अमान्डा, यादव, योगेन्द्रप्रसाद र कँडेल, षडानन्द (२०७३), *शिक्षणको माध्यम र शिक्षाका भाषाहरू,* ट्रान्सेण्ड भिजन नेपाल ।